# बचत तथा ऋण सहकारी संस्था
# एक परिचय

लेखक तथा सम्पादक
*खेमराज सापकोटा*

**प्रकाशक**
विजय विकास स्रोत केन्द्र, गैंडाकोट, नवलपरासी
फोन: ०५६-५०११७२, ५०११००, फ्याक्स: ०५६-५०१४०१
E-mail: vdrc@wlink.com.np, Website: www.vdrc.org.np

# बचत तथा ऋण सहकारी संस्था
## एक परिचय

# दैलो उघार्नु पूर्व

सहकारिताको शुरूवात हिन्दु प्राचीन सभ्यता र संस्कृतिसँगै भएको हो । "परोपकार पुण्याय" हाम्रो सभ्यताको मूल मन्त्र हो भने परम्परागत रूपमा चलिआएको अैचो-पैचो, अर्म-पर्म, मर्दाको मलामी र जिउँदाको जन्ती सहकारिताकै प्राचीन पहिचान हुन् । विकासक्रमसँगै सहकारिताको भावना सिद्धान्त र प्रचलनमा पनि परिमार्जन र परिवर्तन हुँदै आज संस्थागत रूप धारण गरी "एकका लागि सबै र सबैका लागि एक" हुदैं विश्वव्यापी मूल्य-मान्यता स्थापित हुन सकेका हुन् । मानव सभ्यताको विकाससँगै आज संसार यति साँगुरो र अन्तरनिर्भर बनेको छ कि एकले अर्कालाई सहयोग र सम्पर्क नगरी कोही पनि समाजमा टिक्न सक्दैन । त्यसैले आज सहकारिताको महत्व र उपादेयता दिन-प्रतिदिन बढ्दै गैरहेको छ। फलस्वरूप आज विश्वभरि नै सहकारिताको लहर आइरहेको छ। सहकारीहरूमा पनि विज्ञान तथा भौतिक विकासको कारणले मानिसलाई हरसमयमा आर्थिक अभाव र खाँचो पररिहेको अवस्थामा बचत तथा ऋण सहकारी संस्थाको महत्व अझ बढेर गएको छ। गाउँ-गाउँमा बचत तथा ऋण सहकारी संस्था खुलेका छन् । गाउँमा खुलेका सहकारी संस्थाले समुदायका सदस्यहरूको बानीमा सुधार ल्याउनुका साथै गाउँस्तरमा छरिएर रहेको स-सानो पूँजीलाई एकीकृत गरी उत्पादनमूलक कार्यमा लगाई विपन्न दलित तथा महिलाहरूको जीवनस्तरमा सुधार ल्याई स्वावलम्वी बन्ने बाटोतर्फ उन्मुख गराउँदै लाग्न प्रयासरत छन् भने सामाजिक रूपमा पनि मर्यादित जीवन र संगठित रूपमा एक बनाउन सफल भएका छन् । जुनकुरा सहकारिताको आन्दोलनका सफल र उपलब्धिलाई कुराहरू हुन् भन्न सकिन्छ ।

यति हुँदाहुँदै पनि सहकारी संस्थाहरूलाई जसरी व्यवस्थित रूपमा सञ्चालन गर्नु पर्ने हो त्यो हुन सकिरहेको छैन । सहकारीको सैद्धान्तिक, नीतिगत व्यावहारिक ज्ञानको कमीले गर्दा कतै बचतलाई चन्दासँग मिसाएर राखी मन्दिर, चौतारी, बाटो निर्माण जस्ता पूर्वाधार निर्माणमा खर्च गरिएको पाइन्छ भने कतै बचतलाई संस्था/समूहको सम्पत्तिको रूपमा लिई बचतकर्ताले छोड्दाको बचत वा बसाइँसराइ भएर जाँदा पनि केही पनि फिर्ता नपाउने अवस्था छ। यसका अलवा कसलाई लगानी गर्ने र कसलाई नगर्ने नीतिगत रूपमा कसरी चल्ने भन्ने अन्यौलता छ। गाउँ- ठाउँमा देखिएको त्यस्तो किसिमको अवस्थामा यसका सञ्चालकहरूलाई केही मात्रामा भएपनि सैद्धान्तिक तथा नीतिगत व्यावहारिक ज्ञान दिन सकियोस् जसले गर्दा भर्खरै यसमा लागेका तालिम, भ्रमण, गोष्ठी जस्ता अवसर प्राप्त गर्न नसकेका सञ्चालक सदस्यहरूलाई सहयोग पुगोस् भन्ने हेतुले यो पुस्तिका तयार गरिएको छ।

यो पुस्तिका तयार गर्न लागिपर्नुहुने आत्मीय सहकर्मी साथी श्री खेमराज सापकोटालाई धन्यवाद दिन चाहन्छु। यस पुस्निकाको प्रकाशनले विजय विकास स्रोत केन्द्रका अभिलेखमा थप योगदान पुऱ्याएको छ। यस क्षेत्रको यो हाम्रो पहिलो प्रयास हो तसर्थ यस पुस्तिकालाई के गर्दा अझ बढी सार्थक हुन सक्छ यस क्षेत्रका विज्ञ पाठकहरूको रचनात्मक सुझावको अपेक्षा साथ आगामी दिनमा थप प्रकाशनहरू गर्दै जानं छौं भन्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

**-इन्द्रराज ज्योति पौडेल**
अध्यक्ष

# विषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | बचत तथा ऋण सहकारी संस्था, परिचय | १ |
| २. | बचत तथा ऋण सहकारी संस्थाको संस्थागत स्वरुप | २ |
| ३. | बचत तथा ऋण सहकारी संस्थाको सम्बन्ध समन्वय र कार्यतन्त्र | ३ |
| ४. | बचत तथा ऋण सहकारी संस्थाहरूको वैधानिक संरचना : | ५ |
| ५. | बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरूको काम, कर्तव्य र अधिकार | ६ |
| ६. | बचत तथा ऋण सहकारी संस्थामा साधारण सभाको काम, कर्तव्य र अधिकार | ७ |
| ७. | बचत तथा ऋण सहकारी संस्थाका समितिहरूको काम, कर्तव्य र अधिकार | ८ |
| ८. | बचत तथा ऋण सहकारी संस्थाका सैद्धान्तिक पक्ष | ८ |
| ९. | बचत तथा ऋण सहकारी संस्थाको नाफा वितरण गर्ने तरिका | ११ |
| १०. | सहकारी संस्थाको विश्वसनीयता: | १२ |
| ११. | सदस्यता लिने प्रक्रिया | १३ |
| १२. | सदस्यहरूले ऋण प्राप्त गर्ने प्रक्रिया | १४ |
| १३. | नेपालमा सहकारी आन्दोलन र विकासक्रम | १५ |
| १४, | साहुमहाजन, बैंक र बचत तथा ऋण सहकारी संस्थामा फरक | १६ |
| १५. | एकल उद्देश्यीय तथा बहुउद्देश्यीय सहकारी संस्थामा फरक | १७ |

## १. बचत तथा ऋण सहकारी संस्था, परिचय :

बचत तथा ऋण सहकारी संस्था भन्नेवित्तिकै समान आर्थिक स्तर, इच्छा, रूचि र आवश्यकता भएका तथा एउटा निश्चित भौगोलिक सीमाभित्र बसोवास गर्ने वा समान प्रकृतिका कार्यमा संलग्न (Common Bond) भएका मानिसहरूले आपसी हितका निम्ति आर्थिक कारोवार गर्न स्थापित गरिएको संस्था भन्ने बुझिन्छ । आज संसारका १२० भन्दा बढी देशहरूमा यस्ता प्रकारका सहकारी संस्थाहरू खुलेका छन् जसले सम्बन्धित देशको सरकार र औपचारिक रूपमा वित्तीय कारोवार गर्ने बैंकहरूले सेवा दिन नसकेका समुदायको आर्थिक तथा सामाजिक हितका लागि काम गरिरहेका छन् ।

संसारका विभिन्न देशमा यस प्रकारका संस्थाहरूलाई फरक-फरक नामवाट चिनिन्छन् । जस्तो नेपालमा बचत तथा ऋण सहकारी भनिए जस्तै अन्य, मुलुकहरूमा ऋण संघ (Credit Union), ऋण सहकारी (Credit Cooperative) सहकारी बचत तथा ऋण संस्था (Cooperative Saving and Credit Union) आदि नामले पुकारिन्छ ।



नेपाली वृहत् शब्दकोषका अनुसार सहकारी संस्था भन्नाले "किसान, मजदुर वा साना पूँजीपति भएका व्यवसायी वा उपभोक्ताहरूले साझा रूपमा मिलेर सवैको निम्ति उपभोग्य वस्तुको उत्पादन वा वितरण आदिको प्रवन्ध गर्ने र पूँजी तथा श्रम अनुसार मुनाफा बाँडिने एक संस्था" भनिएको छ । त्यसै गरी अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) ले सहकारी संस्थालाई यसरी परिभाषित गरेको छ -

"A Cooperative is an association of persons, usually of limited means who have voluntarily joined together to achieve a common economic and through the formation of a democratically controlled business organization, making equitable contribution of the capital required and accepting a fair share of risks and benefits of the under taking"

**बचत कसरी गर्न सकिन्छ ?**

- फजुल खर्च कम गरेर
- थोरै-थोरै रकम जम्मा गरेर/सँगालेर
- आपसमा/ समूहमा मिलेर
- परिश्रम, उद्यमशील र मितव्ययी भएर
- अवसरको सृजना गरेर

## २. बचत तथा ऋण सहकारी संस्थाको संस्थागत स्वरूप


सम्पूर्ण शेयर सदस्यहरू भएको साधारण सभा बचत तथा ऋण सहकारी संस्थाहरूको सर्वोच्च निकाय हुन्छ। यसले हरेक ३/३ (कम्तीमा २ र बढीमा ५) वर्षमा ७ देखि ११ सदस्यीय सञ्चालक समिति तथा सामान्यतया ३ सदस्यीय लेखा तथा सुपरिवेक्षण समितिको निर्वाचन गर्दछ। सञ्चालक समितिले संस्था सञ्चालनका सम्पूर्ण कार्यहरूका साथै शिक्षा, ऋण तथा आवश्यकता अनुसार अन्य उप समितिहरूको गठन गर्दछ। लेखा तथा सुपरिवेक्षण समितिले समय समयमा संस्थाको आर्थिक तथा अन्य कागजपत्रहरू जाँच गर्ने कार्य गर्दछ। बचत तथा ऋण सहकारी संस्थामा ऋण उपसमिति तथा शिक्षा उपसमिति विनियम अनुसार गठित स्थायी प्रकारका उपसमिति हुन्छन्।

ऋण उपसमितिले ऋण निवेदनको जाँच गर्ने, ऋण लिन चाहेको व्यक्तिसँग भेटघाट गरी सोधपूछ गर्ने, ऋण स्वीकृत गर्ने तथा अनुगमन गर्ने जस्ता कार्यहरू गर्दछ। यो उपसमिति सामान्यतया ३ सदस्यीय हुन्छ।

शिक्षा उपसमितिले आफ्ना सदस्यहरूलाई सहकारी सम्बन्धी शिक्षा दिने, संस्थाका कार्यक्रम तथा सेवाहरू बारे सदस्यलाई पुनर्ताजगी गराउने, नयाँ-नयाँ अवधारणाबारे जानकारी दिने र सदस्य शिक्षा सामग्रीको उत्पादन गर्ने कार्यहरू गर्दछ। यो उपसमितिमा संयोजक समेत गरी सामान्यतया ३ जना सदस्य रहने व्यवस्था छ।


यसै गरी संस्थाले समय-समयमा आवश्यकता हेरि धितो मूल्याङ्कन उपसमिति, भवन निर्माण उपसमिति, सदस्यता प्रवर्द्धन उपसमिति आदि जस्ता उपसमितिको गठन गर्ने गर्दछ। यस्ता उपसमिति संचालक समितिप्रति उत्तरदायी हुन्छन् र दिइएको जिम्मेवारी सम्पन्न भएपछि विघटन हुन्छन्।

यसको संस्थागत स्वरूपलाई चित्रमा यसरी देखाउन सकिन्छ ।





## ३. बचत तथा ऋण सहकारी संस्थाको सम्बन्ध, समन्वय र कार्यतन्त्र:

कुनै पनि सहकारी संस्थाले आफ्नो उद्देश्य प्राप्तिको लागि विभिन्न संघ संस्था र निकायसँग सम्पर्क, सम्वन्ध र समन्वय गर्नु जरूरी हुन्छ । संस्थाले



स्थानीय सहकारी संस्थाहरू, गैरसरकारी संस्थाहरू र श्री ५ को सरकारका विकास निकायहरूसँग सम्पर्क, सम्बन्ध र समन्वय गरेर कार्य गर्नुपर्दछ ।

एउटा प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाले जिल्ला स्थित बचत तथा ऋण सहकारी संघको सदस्यता, जिल्ला सहकारी संघ लि. को सदस्यता र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. को सदस्य लिएर कार्यतन्त्र (Network) हरूमा संलग्न हुन सक्दछ । यसै सहकारीहरूको अन्तर्राष्ट्रिय सम्बन्ध विकासका क्रममा बचत तथा ऋण केन्द्रीय संघको सम्बन्ध एसियाली ऋण महासंघसँग र एसियाली ऋण महासंघको सम्बन्ध विश्व ऋण परिषद्‌सँग हुन जान्छ ।




यसरी एउटा बचत तथा ऋण संस्थामा सदस्य हुनु भनेको अन्तर्राष्ट्रिय स्तरसम्म आफ्नो आबद्धता हुनु हो भन्ने बुझिन्छ ।

निम्न लिखित कार्यका लागि कुनै पनि संस्थाको सम्वन्ध, समन्वय र कार्यतन्त्र चाहिन्छ :

- काममा दोहरोपना हटाउन,
- अनुभवको आदान-प्रदान गर्न,
- सहयोगको लेनदेन गर्न,
- एक्लै नसकिने काम मिलेर गर्न,
- वजार विस्तार गर्न,
- नीति नियममा एकरूपता ल्याउन,
- कम लागतमा वढी कार्य सम्पादन गर्न,
- उत्पादक क्षमता वृद्धि गर्न,
- संस्थागत हक-हितका लागि मिलेर काम गर्न, आदि ।

## ४. बचत तथा ऋण सहकारी संस्थाहरूको वैधानिक संरचना :

कुनै पनि वचत तथा ऋण सहकारी संस्था संचालन गर्नका लागि विभिन्न प्रकारका नीतिनियमहरूको खाँचो पर्दछ । जस्तो कि प्रशासनिक नीति, बचत नीति, ऋण नीति अन्तर लगानी नीति आदि । यस्ता नीतिनियमहरूको तर्जुमा गर्दा संस्थाको विनियमको अधिनमा रहेर मात्र गर्नु पर्दछ । संस्था सञ्चालन गर्नका लागि चाहिने मुख्य कागजपत्र विनियम हो । यो सरकाले लागू गरेको सहकारी ऐन अनुसार तयार गरी सम्बन्धित निकायबाट स्वीकृति लिएर मात्र कार्यान्वयन गर्न पाइन्छ । कुनै पनि देशको सरकारले सहकारी ऐन तयार गर्दा अन्तर्राष्ट्रिय सहकारी सिद्धान्तहरूका आधारमा तयार गरेको हुन्छ । जसलाई हामी निम्नाङ्कित चित्रबाट हेर्न सक्दछौं ।




## ५. बचत तथा ऋण सहकारी संस्थाका शेयर सदस्यहरूको काम, कर्तव्य र अधिकार :

शेयर भनेको बचत तथा ऋण संस्थाको मूल धन हो र मूलधनका लगानी कर्ताहरू नै शेयर सदस्यहरू हुन । बचत तथा ऋण सहकारी संस्थाको विकास यसका सदस्यहरूको भूमिकामा निर्भर रहन्छ । प्रत्येक शेयर सदस्यले निम्नलिखित भूमिका अर्थात् काम, कर्तव्य र अधिकार पूरा गर्नु जरूरी छ ।

- एक व्यक्ति एक मतका आधारमा साधारण सभामा भाग लिई नीति निर्माणमा संलग्न हुने तथा निर्वाचनमा भाग लिन पाउने ।
- संस्थामा नियमित रूपमा वचत गर्ने र व्याज तथा अन्य वित्तीय सेवाहरू उपभोग गर्ने ।
- संस्थाको नियम अनुसार ऋण लिने, ऋणको सदुपयोग गर्ने तथा समयमै त्यसको साँवा व्याज भुक्तानी गर्ने ।

- सदस्यहरू एवं संस्थाको हित र विकासमा सञ्चालक समितिलाई सुझाउ र सल्लाह दिने तथा जिम्मेवारी लिएका कार्यहरू सम्पन्न गर्ने ।
- सहकारीको मर्म, भावना र सिद्धान्तअनुसार सदस्यहरूबीच आपसी सहयोगको लेनदेन गर्ने ।
- लाभांश पाउने, स्वतन्त्र रूपमा सदस्य हुन तथा छोड्न पाउने, हकवाला मनोनीत गर्न पाउने ।
- संस्थाको विनियम, नीति नियमावली र निर्णयहरूको पालना गर्नु साथै सहकारी ऐन नियम र सिद्धान्तको पालना गर्नु आदि ।

**शेयर सदस्यहरु संस्थाका :**

- मालिक हुनुहुन्छ ।
- नीति निर्माता हुनुहुन्छ ।
- निर्णयकर्ता हुनुहुन्छ ।
- सेवा उपभोगकर्ता हुनुहुन्छ ।

## ६. बचत तथा ऋण सहकारी संस्थामा साधारण सभाको काम, कर्तव्य र अधिकार :

साधारण सभा संस्थाको सर्वोच्च निकाय हो । नियमानुसार शेयर खरिद गरी सदस्यता प्राप्त गरेका सबै सदस्यहरू साधारण सभाका सदस्य मानिनुहुन्छ । सामान्यतया हरेक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र साधारण सभा गरिनु पर्छ । कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरू वा १३ जनामा जुन सङ्ख्या बढी हुन्छ त्यति सङ्ख्या भएमा साधारण सभाको गणपुरक सङ्ख्या पुग्दछ । साधारण सभाको काम, कर्तव्य र अधिकार निम्नानुसार हुन्छ ।

- गत आर्थिक वर्षको आय-व्यय तथा प्रगतिमाथि समीक्षा गरी पारित गर्ने ।
- चालू आर्थिक वर्षको प्रस्तावित वार्षिक कार्यक्रम र बजेट पारित गर्ने ।
- लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
- आवश्यकता अनुसार विनियम संसोधन गर्ने, सञ्चालक समिति र लेखा समितिलाई मार्गदर्शन गर्ने र आवश्यक नीति नियम तर्जुमा एवम् पारित गर्ने ।
- सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने ।
- सञ्चालक समितिका अध्यक्ष एवम् लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको राजीनामा स्वीकृत गर्ने आदि ।

## ७. बचत तथा ऋण सहकारी संस्थाका समितिहरूको काम, कर्तव्य र अधिकार :

### क) सञ्चालक समितिः

- कार्य क्षेत्रभित्र रहेका अन्य व्यक्तिहरूले चाहेमा उनीहरूलाई नियमानुसार सदस्यता प्रदान गर्ने ।
- संस्थालाई आवश्यक पर्ने विभिन्न नीति नियमहरू तयार गर्ने ।
- सदस्यबाट लिइने निक्षेपमा प्रदान गर्ने व्याजदर र ऋणको व्याजदर तथा सेवा सर्तहरू तयार गर्ने
- आवश्यकताअनुसार उपसमितिहरूको गठन र विघटन गर्ने ।
- संस्थाको आर्थिक कारोवारको नियन्त्रण गर्ने ।
- आवश्यकता अनुसार कर्मचारीको नियुक्ती गर्ने ।
- साधारण सभा बोलाउने, वार्षिक योजना र बजेट तयार गरी साधारण सभामा पेश गर्ने र साधारण सभाका निर्णय बमोजिमका कार्यहरू गर्ने ।
- निर्वाचन उपसमितिको गठन गरी निर्वाचन गराउने ।
- आवश्यकता अनुसार विभिन्न संस्था र कार्यक्रममा प्रतिनिधित्व गर्ने गराउने आदि ।

### ख) लेखा सुपरिवेक्षण समितिः

- संस्थाको लेखा तथा प्रशासकीय काम, कारवाही सम्बन्धी सम्पूर्ण कागजपत्रहरू प्रमाणित गर्ने ।
- समिति र उपसमितिले गरेका कार्यहरू ऐन नियम, विनियम र सिद्धान्त अनुसार भए नभएको हेर्ने ।
- संस्थाको कुनै काम कारवाहीबाट सदस्यलाई हानी पुग्ने देखिएमा वा कुनै प्रकारको हिनामिना भएको पाइएमा यस समितिका सम्पूर्ण सदस्यहरूको एकमत निर्णय भएमा साधारण सभा समेत बोलाउन सक्दछ ।

## ८. बचत तथा ऋण सहकारी संस्थाका सैद्धान्तिक पक्ष :

नेपालमा वचत तथा ऋण सम्बन्धी कार्य गर्ने सहकारी संस्थाहरूलाई सहकारी ऐन तथा नियमावलीअन्तर्गत कानुनी मान्यता प्रदान गरिएको छ ।

संसारका अन्य मुलुकहरूमा यस्ता प्रकारका संस्थाहरूलाई अन्य विभिन्न ऐन कानुन अन्तर्गत मान्यता प्रदान गरिएको पाइन्छ । जस्तै ऋण संघ ऐन **(Credit Union Act)** ऋण सहकारी ऐन **(Credit Cooperative Act)** सहकारी वचत तथा ऋण संस्था ऐन **(Cooperative Saving and Credit Union Act)** आदि । बचत तथा ऋण सहकारी संस्थाले अन्तर्राष्ट्रिय सहकारी सिद्धान्तसँग मेल खाने गरी विश्व ऋण परिषद्को सदस्य सभाद्वारा पारित गरिएका निम्नलिखित सिद्धान्तहरूको पालना गर्दछ ।

### क) प्रजातान्त्रिक संरचना :

१. **खुला र स्वेच्छिक सदस्यता:**

संस्थाको सामुहिक निर्णयको परिधिभित्र रही यसका सेवाहरू उपयोग गर्ने दायित्व निर्वाह गर्न मञ्जुर गर्ने सवैका लागि वचत तथा ऋण संस्थाको सदस्यता खुला राखिएको हुन्छ र यो स्वेच्छिक हुन्छ । कुनै सदस्यले चाहेमा नियमानुसार आफ्नो सदस्यता त्याग गर्न सक्छ ।

२. **प्रजातान्त्रिक नियन्त्रण :**

संस्थाका सम्पूर्ण सदस्यहरूको मताधिकार एक व्यक्ति एक मतमा आधारित हुन्छ । धेरै शेयर खरिद गर्नेको बढी मत र थोरै शेयर खदिर गर्नेको कम वा एकमत मात्र हुने भन्ने हुँदैन । आफ्नै नियम विनियमको परिधिभित्र रही सदस्यद्वारा संचालित हुने यो स्वायत्त संगठन हो । यसमा निर्वाचित पदाधिकारीहरू स्वभावतः स्वयम्‌सेवकका रूपमा कार्य गर्ने हुनाले कुनै प्रकारको पारिश्रमिक पाउँदैनन् । न्यायोचित खर्चको सोधभर्ना मात्र पाउन सक्दछन् ।

३. **समानता:**

संस्थामा कुनै पनि जातजाति लिङ्ग, राजनीति, धर्म, वर्ण वा धनी-गरिबका आधारमा भेदभाव गरिँदैन ।

## ख) सदस्यलाई सेवा :

१. **सदस्यहरूलाई लाभांश वितरण:**

बचत तथा ऋण संस्थाले आफ्नो वार्षिक कारोवारबाट प्राप्त मुनाफाको केही अंश आफ्ना सदस्यहरूलाई लाभांशको रूपमा वितरण गर्दछ। लाभांश वितरण गर्दा संस्थाको विनियममा व्यवस्था भए अनुसार मुनाफाको आशा नगरिकन गरिएको हुन्छ ।

२. **सदस्यलाई सेवा:**

संस्थाले आफ्ना सम्पूर्ण सदस्यहरूको आर्थिक र सामाजिक विकासका लागि सेवा पुऱ्याउँदछ ।

३. **आर्थिक सक्षमता:**

संस्थाले आफ्ना सदस्यहरूलाई नियमित रूपमा भरपर्दो र स्तरीय सेवा पु-याउनका लागि आफ्नो आर्थिक क्षमताको वृद्धि गर्नु पर्दछ । संस्थामा पर्याप्त मात्रामा जगेडा कोष तथा अन्य विभिन्न कोषहरू राख्नु पर्दछ ।

## ग) सामाजिक उद्देश्य

१. **निरन्तर शिक्षा:**

बचत संस्थाले आफ्ना सदस्यहरू, पदाधिकारीहरू, कर्मचारीहरू र सर्वसाधारण जनतालाई आर्थिक मितव्ययिता, स्वावलम्बन, सहकारी सिद्धान्त, वित्तीय व्यवस्थापन र ऋणको उचित परिचालनका साथै सदस्यहरूको जिम्मेवारी, अधिकार र कर्तव्यजस्ता विषयहरूमा समय समयमा विभिन्न तरिकाले जानकारी उपलब्ध गराउनु पर्दछ। आवश्यकता अनुसार तालिम, अध्ययनभ्रमण आदिको व्यवस्था गर्नुपर्दछ ।

२. **सहकारीहरुबीच आपसी सहयोग :**

बचत तथा ऋण संस्थाले आफू मात्र अगाडि बढ्ने चाहना नराखी अन्य सहकारी संस्थाहरूका बीच पनि सहयोगको आदान प्रदान गर्नु पर्दछ। सँगै अगाडि बढौं भन्ने भावनाले काम गरी समग्र सहकारी आन्दोलनमा अगाडि बढ्नु पर्दछ।

३. **सामाजिक दायित्व:**

संस्थाले आफ्ना सदस्यहरूको हितलाई मात्र ध्यान नदिई समग्र सामाजिक विकासमा योगदान पुऱ्याउनु पर्दछ। सदस्यको हितमा भएपनि समाजको हितमा नहुने कार्यहरू गर्नु/गराउनु हुँदैन।

(उपर्युक्त सिद्धान्तहरू विश्व ऋण परिषद्‌को २४ अगष्ट १९८४ मा भएको सदस्य सभाद्वारा पारित गरिएका हुन्)

## ९. बचत तथा ऋण सहकारी संस्थाको नाफा वितरण गर्ने तरिका:

बचत तथा ऋण सहकारी संस्थाले आफ्नो एक वर्ष भरी गरेको कारोवारबाट भएको नाफामध्ये सञ्चालन खर्च कटाइ बाँकी रकमलाई खुद नाफा कायम गरिन्छ। संस्थाको खुद नाफामध्ये २५ प्रतिशत जगेडा कोष भनेर छुट्याइन्छ। त्यसपछि बाँकी रकमलाई सत प्रतिशत मानेर केही प्रतिशत रकम शेयर सदस्यलाई लाभांशको रूपमा बाँडिन्छ। तर यसरी बाँडिने लाभांश शेयर रकमको १५ प्रतिशतभन्दा बढी हुन आएमा बढी भएको रकमलाई जगेडा कोषमा सारेर राखिन्छ र बढीमा १५ प्रतिशत रकम सदस्यहरूलाई नाफाको रूपमा वितरण गरिन्छ। नाफा वितरणको अलावा संस्थामा विभिन्न कोषहरू खडा गरिन्छ। जस्तो संरक्षित पूँजी फिर्ता कोष, कर्मचारी बोनस कोष, घाटापूर्ति कोष, सदस्य शिक्षाकोष, डुवन्त ऋणकोष, र संस्था विकास कोष आदि। यस बाहेक समय-समयमा सहकारी कार्यालय वा नेपाल राष्ट्र बैंकले निर्देशन दिए बमोजिमका अन्य कोषहरू पनि संस्थाले राख्नु पर्दछ।

## १०. सहकारी संस्थाको विश्वसनीयता:

नेपालमा सहकारी ऐन २०४८ तथा सहकारी नियमावली २०४९ को अधीनमा रही कम्तीमा २५ जना नेपाली नागरिकहरू आपसमा मिलेर सहकारी संस्थाको स्थापना गर्न सक्छन् । सहकारी भन्ने बित्तिकै समान इच्छा, रूचि र आवश्यकता भएका तथा एउटा निश्चित भौगोलिक सीमा वा समान प्रकृतिका कार्यमा संलग्न (**Command Bond**) भएका मानिसहरूले आपसी हितका निम्ति स्थापित गरिएको संस्था भन्ने बुझिन्छ । तर हाल नेपाल अधिराज्यभरि बचत तथा ऋण सहकारी संस्थाहरू र अन्य प्रकारका सहकारी संस्थाहरू प्रशस्त मात्रामा खुलेका छन् । यसरी खुलेका संस्थाहरूमध्ये सबै सहकारी संस्थाहरू एकै प्रकारका छैनन् ।

केही सहकारी संस्थाहरूका सञ्चालक तथा कर्मचारीहरू सर्वसाधारणबाट जम्मा भएको शेयर तथा निक्षेप (बचत) रकम हिनामिना गरी भाग्ने गरेका घटनाहरू दिन प्रतिदिन बढिरहेका छन् । यस्ता घटना क्रमहरूले गर्दा सहकारी संस्थाहरूप्रति अझ विशेष गरी बचत तथा ऋण सहकारी संस्थाहरूप्रति विश्वासको कमी भएको छ । हामीले बुझ्नुपर्ने कुरा के छ भने सबै प्रकारका संस्थाहरू जनमुखी हुँदैनन् । सहकारी भावना नभएका तर सहकारी ऐन बमोजिमको कानुनी रित पुऱ्याई गठन गरिएका संस्थाको भित्री उद्देश्यनै गलत भावनाले प्रेरित भएको हुन्छ तसर्थ वास्तविक रूपमा समुदायमा आधारित सहकारी संस्थामा सदस्य भए मात्र हाम्रो बचत तथा लगानी सुरक्षित हुन्छ ।

**समुदायमा आधारित सहकारी संस्थाका निम्नलिखित विशेषताहरु हुन्छन्:**

१. संस्थाका संस्थापक, सञ्चालक तथा कर्मचारीहरू स्थानीय व्यक्ति नै हुन्छन् ।
२. संस्थाले विनियमका साथै विभिन्न नीति नियमहरू तयार गरी त्यसैका आधारमा संस्थाका कार्यहरू सञ्चालन गरिएका हुन्छन् ।
३. संस्थामा बचत भएको रकमको निश्चित प्रतिशत संस्थामा तरलता राखी बाँकी रकम आफ्ना सदस्यहरूलाई नै ऋण लगानी गरिएको हुन्छ ।

४. संस्थापक र सञ्चालकहरूको लगानी नाम मात्रको (अत्यन्त थोरै) नभई स्वाभाविक हुन्छ ।

५. प्रजातान्त्रिक प्रणालीबाट चलेको तथा सहकारी भावना र सिद्धान्त बमोजिम अगाडि बढेको हुन पर्छ ।

६. संस्था सस्तो लोकप्रियताबाट नभई बलियो सामाजिक आधार भएको हुनु पर्छ ।

७. संस्थामा पर्याप्त शेयर पूँजी तथा अन्य कोष भएको हुनु पर्छ ।

८. नियमानुसार सदस्यता प्राप्त व्यक्तिबाट मात्र बचत सङ्कलन गर्ने र सदस्य भएको केही समयपछि सदस्यभित्र मात्र ऋण लगानी गर्नु पर्ने हुंन्छ ।

देशमा विभिन्न भागबाट हालसस्म जतिपनि सहकारीहरू भागेका छन् उपरोक्त विशेषता नभएका सहकारीहरू मात्र भागेको पाइएको छ । तसर्थ हामी गर्व गर्न सक्छौ कि समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्था सदैव जनमुखी हुन्छन् र समुदायको सेवामा समर्पित हुन्छन् । यो कुरा हामीले अरूलाई समेत बुझाउन जरूरी छ ।

## ११. सदस्यता लिने प्रक्रिया :

बचत तथा ऋण सहकारी संस्थामा सदस्य हुन सर्वप्रथम संस्थाबाट प्राप्त हुने निवेदन फारम भरी वुझाउनु पर्छ । उक्त निवेदन फारम भर्नु अगाडि संस्थाका वारेमा आवश्यक जानकारी संस्थाका संचालक/कर्मचारी वा सदस्यहरूबाट लिन सकिन्छ । सदस्यता प्राप्त गर्न निम्न अनुसार योग्यता पुग्न जरूरी हुन्छ ।

- बचत तथा ऋण सहकारी संस्थाको सदस्य हुन चाहने व्यक्ति १६ वर्ष उमेर पुगेको हुनु पर्दछ ।
- संस्थाको कार्य क्षेत्रभित्र स्थायी बसोवास गर्ने हुनु पर्दछ ।
- संस्थाको हकमा कानुनी रूपमा दर्ता भएको हुनु पर्दछ ।
- संस्थाको विनियम तथा नीति-नियम पालना गर्न मन्जुर भएको हुनु पर्दछ ।

उपरोक्त योग्यता पुगेका व्यक्तिले सदस्यता आवेदन गर्न सक्दछन् र त्यसरी प्राप्त निवेदनमाथि आवश्यक कार्यवाही गरी संस्थाको संचालक समिति वा अधिकार प्राप्त व्यक्ति वा अधिकारीबाट सदस्यता स्वीकृत भए वा नभएको जानकारी सम्बन्धित व्यक्ति वा संस्थालाई दिइन्छ । सदस्यता प्राप्त गर्ने व्यक्तिले निम्नलिखित प्रक्रियाहरू पूरा गर्नु पर्दछ :

- संस्थाको नियम अनुसार प्रवेश शुल्क (फिर्ता नहुने गरी १ पटक मात्र) बुझाउनु पर्दछ ।
- संस्थाको शेयर कम्तिमा १ थान खरीद गर्नु पर्दछ ।
- मासिक बचत नियमित रूपमा बुझाउनु पर्दछ ।
- सदस्य हुने व्यक्ति तथा निजले इच्छाइएको व्यक्तिको फोटो १/१ प्रति आवश्यक पर्दछ ।
- सदस्यको नागरिकता प्रतिलिपि वा संस्थाको हकमा संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि आवश्यकता पर्दछ ।

## १२. सदस्यहरूले ऋण प्राप्त गर्ने प्रक्रिया :

कुनै पनि बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरूले संस्थाको विनियम तथा ऋण नीतिका आधारमा ऋण प्राप्त गर्न सक्छन् तर त्यसका लागि संस्थाले तोकेका आवश्यक योग्यता भने पूरा गर्न जरूरी हुन्छ, जस्तो :

१. सदस्य भई नियमित रूपमा बचत गरेको हुनु पर्ने ।
२. अरू ऋणीको लागि जमानी नबसेको वा बसेको भए फुकुवा भएको हुनुपर्ने ।
३. संस्थाको नियमानुसार ऋण लिन चाहेको उद्देश्य, रकम तथा अन्य विवरण सहित ऋण माग निवेदन वा फारम संस्थामा पेश गर्नुपर्ने ।
४. पहिला ऋण लिएको भए नियमित रूपमा भुक्तानी गरेको हुनुपर्ने ।
५. आवश्यक जमानी तथा धितोको प्रबन्ध मिलाउनुपर्ने ।
६. संस्थाको नियमानुसार ऋणको लागि आवश्यक शेयर खरीद गरेको तथा नियमित रूपमा बचत गरेको हुनुपर्दछ ।
७. ऋण स्वीकृत भएपछि आवश्यक थप प्रक्रिया पूरा गरी ऋण लिने ।

उपर्युक्त प्रकृयाबाट ऋण प्राप्त गर्ने सदस्यले समय समयमा आफ्नो किस्ता भुक्तानी गर्नु पर्दछ। किस्ता बुझाउन ढिला भएमा नियमानुसार हर्जना समेत बुझाउनु पर्दछ।

## १३. नेपालमा सहकारी आन्दोलन र विकासक्रम :

परम्परागत प्राचिन सहकारीताको सिद्धान्त र भावना पूर्वीय दर्शन तथा एशियाबाट शुरू भएता पनि विश्व परिवेशमा आधुनिक सहकारीको स्थापना १८ औं शताव्दीमा युरोपबाट थालिएको हो। तर नेपालमा सहकारीको विकास क्रम निकै ढिलो भएको पाइन्छ। सर्वप्रथम २०१० सालमा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना भएबाट नेपालमा सहकारीको अवधारणाले प्रवेश पाएको हो। सरकारको कार्यकारिणी आदेशबाट सहकारी संस्था गठनका लागि कानुनी मान्यता प्राप्त भएपछि नेपालकै पहिलो सहकारी संस्था वि.स. २०१३ सालमा बखान सहकारी संस्था चितवनमा स्थापना भएको थियो। त्यसपछि २०१६ सालमा सहकारी संस्था ऐन जारी भयो। वि.स. २०१८ सालमा उक्त सहकारी ऐनमा संसोधन गरी सहकारी संस्था नियम २०१८ समेत जारी गरियो। वि.स. २०१९ सालमा सहकारी प्रशिक्षण केन्द्रको गठन र सहकारी बैंक ऐन लागू गरियो। सोही बैंकलाई २०२४ सालमा कृषि विकास बैंकमा परिणत गरियो। २०२३/२४ सालमा श्री ५ को सरकारले भूमिसुधार कार्यक्रमअन्तर्गत अनिवार्य बचत कार्यक्रम ल्यायो र पछि २०२६ सलामा संगठनात्मक कृषि विकास कार्यक्रम भक्तपुर जिल्लाबाट शुरू गरी अनिवार्य बचतलाई शेयरका रूपमा हस्तान्तरण गर्न थालियो। २०२७ सालमा सहकारी ऐन २०१६ लाई दोस्रो पटक संसोधन गरियो भने २०२८ सालमा सहकारी संस्था नियम २०१८ मा पहिलो संसोधन गरियो। २०३५ सालमा साझा संस्था प्रशासन तथा आर्थिक नियम जारी गरियो। यसैगरी २०३६ सालमा साना किसान साझा संस्थाको गठन भयो र २०४१ सालमा साझा संस्था ऐन जारी भयो। २०४८ सालमा साझा केन्द्रीय कार्यालयलाई राष्ट्रिय सहकारी विकास बोर्डमा परिणत गरियो।

नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि २०४८ सालमा सहकारी ऐन २०४८ र २०४९ सालमा सहकारी संस्था नियमावली २०४९ जारी भयो। त्यसपश्चात् राष्ट्र व्यापी रूपमा सहकारी संस्थाहरू स्थापना हुने र स्वायत्त हुने क्रम बढ्यो। यही क्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ, केन्द्रीय उपभोक्ता सहकारी संघ, केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ र राष्ट्रिय सहकारी संघको गठन भयो। २०५५ सालमा राष्ट्रिय सहकारी संघले अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता प्राप्त गर्‍यो। २०५७ सालमा सहकारी ऐन २०४८ को प्रथम संसोधन गरियो।

सहकारी संस्थाको विकास क्रमलाई हेर्दा हाल देशमा झण्डै ८,००० जति सहकारीहरू दर्ता भएका छन्। जस मध्ये २,५०० जति बचत तथा ऋण सहकारीहरू मात्र भएको अनुमान छ। नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघको एउटा तथ्याङ्क अनुसार करिब ३०० वटा बचत तथा ऋण सहकारीले ५०,००० सदस्यहरू समेटेका छन्। त्यस्तै राष्ट्रिय सहकारी संघले गरेको एक अनुमान अनुसार करिब १५,००,००० घर परिवारहरू विभिन्न खाले सहकारीहरूभित्र समेटिएका छन्।

## १४. साहूमहाजन, बैंक र बचत तथा ऋण सहकारी संस्थामा फरक:

| फरकका आधारहरू | साहुमहाजन | बैंक | बचत तथा ऋण सहकारी संस्था |
|---|---|---|---|
| लगानी प्रकृया | आफ्नो इच्छा अनुसार बनाउँछ । | | सदस्यहरूले आफ्नो सुविधा अनुसार बनाउँछन् र समय अनुसार परिवर्तन गर्दछन् । |
| ब्याजदर | चर्को | मध्यम / कम | कम / उपयुक्त |
| धितो / जमानत | • विश्वास भए चाहिदैन | घर जग्गा रोक्का गरेर वा सुनचाँदी राखेर | • साक्षी जमानी<br>• घर जग्गा रोक्का<br>• तमसुक गरेर ऋण लिन सकिन्छ । |
| नाफाको बाँडफाँड | साहू आफैलाई | बैंकलाई | संस्थाका सदस्यलाई |
| क्षमता सीप विकास | हुँदैन | हुँदैन | सदस्यलाई क्षमता र सीप विकासको अवसर मिलिरहन्छ । |
| आर्थिक विकासमा जोड | आर्थिक उन्नतिमा जोड हुँदैन ऋण तिरे पुग्दछ | आर्थिक विकासमा सरोकार राख्दैन तर योगदान पुग्दछ । | आर्थिक उन्नतिमा सरोकार राख्दछ । जोड दिन्छ । |
| शोषण | बढी हुन्छ, ठेकी, कोसेली सम्पत्ति हड्पीने, निःशुल्क काम गराउने | कम हुन्छ, घुस, चिया खर्च आदि । | हुँदैन |
| ऋण पाउन लाग्ने समय | पाउने भए तुरुन्त पाउँछ | बढी समय लाग्छ | मध्यम समय लाग्दछ |
| आफ्नोपन | हुँदैन | हुँदैन | हुन्छ |
| सामुदायिक उत्तरदायित्व | हुँदैन | आंशिक रूपमा हुन्छ | हुन्छ |
| नेतृत्व विकास | कुनै सरोकार हुँदैन | कुनै सरोकार हुँदैन | सदस्यहरूले चुन्दछन् सबैको पालैपालो अगाडि बढ्ने मौका हुन्छ |
| पारिवारिक आर्थिक विकास | कुनै सरोकार हुँदैन | कुनै सरोकार हुँदैन | सदस्यहरूको आर्थिक विकासको लागि संस्थागत प्रयास हुन्छ |

## १५. एकल उद्देश्यीय तथा बहुउद्देश्यीय सहकारी संस्थामा फरक :

- एकल उद्देश्यीय सहकारीले कुनै एक प्रकारको मात्र काम गर्दछ भने बहुउद्देश्यीय सहकारीले दुई वा सोभन्दा बढी प्रकारका कामहरू गर्दछ ।
- एकल उद्देश्यीय सहकारीको कारोवार क्षेत्र सिमित छ भने बहुउद्देश्यीय सहकारीको कारोवार क्षेत्र बृहत् छ ।
- नीति नियममा भिन्नता छ ।
- उपसमिति गठन र कार्य विभाजनमा फरक छ ।
- एकल उद्देश्यीय कारोवार गर्दा विशिष्टीकरण (Specialization) गर्न सकिने तर बहुउद्देश्यीय कारोवारमा यो संभावना कम हुने ।
- बहुउद्देश्यीय सहकारीका कारोवार Cross Subsidization गर्न संभावना रहन्छ तसर्थ जोखिमको मात्रा घट्न जान्छ ।
- सदस्यहरूको हरेक वा बढीभन्दा बढी आवश्यकता पूरा गर्न बहुउद्देश्यीय सहकारी सक्षम हुन्छ भने एउटै आवश्यकता प्रभावकारी रूपमा पूरा गर्न एकल उद्देश्यीय सहकारी सक्षम हुन्छ ।
- सम्पर्क-समन्वय एकल उद्देश्यीय सहकारीमा सीमित र बहुउद्देश्यीयमा बढी संस्था वा कार्यालयसँग सम्पर्क समन्वय गर्नुपर्ने हुन्छ ।
- एकल उद्देश्यीय (बचत तथा ऋण) सहकारीको सेवाहरू प्राय सदस्यमा मात्र सीमित हुन्छ बहुउद्देश्यीयमा बाह्य व्यक्तिहरूले पनि सेवा पाउँछन् ।

**◆ समाप्त ◆**

# बचत गीत

बचतको अभियान सफल पार्ने छौं
आफ्नो लागि भविश्य आफैं बनाउछौं ।
हे.............................. सहकारी भावना बढाउन
एक जुट बनौ न हामी आपसमा -३

अनावश्यक काममा समय नफालौं
घाँटि हेरी हाड निल्ने बानी बसालौं
हे .............................. नियमित बैठक वसेर
बचत गर्ने छौं बाचा गरेर -३

जाँड रक्सी जुवा तास टाढै राख्ने छौं
राम्रो काममा आम्दानी प्रयोग गर्ने छौं ।
हे ............................ पसिना वगेको कमाइ
भविश्य सम्झेर अव जोगाऔं -३

हामी पछि परेको शिक्षा नहुँदा
नचाहिने कुरामा खर्च बढाउँदा
हे ........................... चुरोट बिंडीको धुँवाले
उडाउला जिन्दगी होश गरौं है -३

छोरा छोरी समान हुन् आफ्नै सन्तान
सानो सुखी परिवार स्वर्ग समान
हे ................................ समूह सबैले भनौं न
बनाऔं यो गाउँलाई राम्रो नमूना-३

बचतको अभियान ...........................